# शिखर इन्स्योरेन्स कम्पनी लि.

## तेस्रो वार्षिक साधारण सभाको

## निर्णय विवरण

१. **वैधानिक सभाः**

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको तेस्रो वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री विकास जंगबहादुर राणाको अध्यक्षतामा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज) जावलाखेल, ललितपुरमा २०६५ आषाढ २७ गते शुक्रवार दिउँसो २:०० बजे प्रारम्भ भई अपरान्ह ४:३० बजे सम्पन्न भयो ।

२. **सूचना प्रकाशनः**

सभा हुने मिति, स्थान, समय र छलफल गर्ने प्रस्तावहरू शेयरधनी महानुभावहरूको जानकारीको लागि मिति २०६५ आषाढ ५ गते अगावै तेस्रो वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन, आ.व. २०६३/६४ को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरूले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाईएको र २०६५ आषाढ ०५ र ०६ गते कान्तिपुर राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी जानकारी समेत गराइएको थियो ।

३. **छलफलका विषयहरूको सूचीः**

१. आर्थिक वर्ष २०६३/६४ को वार्षिक प्रतिवेदन माथि छलफल तथा अनुमोदन गर्ने बारे ।

२. आ.व. २०६३/६४ को वासलात तथा नाफा-नोक्सान, नगद प्रवाह विवरण एवं लेखापरीक्षण प्रतिवेदन माथि छलफल तथा अनुमोदन बारे ।

३. संचालक समितिले सिफारिस गरेको लाभांश स्वीकृत गर्ने बारे ।

४. आ.व. २०६४/६५ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

५. कम्पनी नियमावलीमा संशोधन सम्बन्धी विशेष प्रस्ताव बारे ।

६. विविध ।

**३ (क). संचालकहरूको उपस्थितिः**

| | | |
|---|---|---|
| १. | श्री विकास जंगबहादर राणा | *अध्यक्ष* |
| २. | बुद्ध एयर प्रा.लि. को तर्फबाट श्री बीरेन्द्र बहादुर बस्नेत | *संचालक* |
| ३. | श्री गौरव अग्रवाल | *संचालक* |
| ४. | श्री लोमस इन्भेष्टमेण्ट कम्पनी प्रा.लि. को तर्फबाट श्री प्रदिपजंग पाण्डे | *संचालक* |
| ५. | श्री राजेन्द्र प्रसाद श्रेष्ठ | *संचालक* |
| ६. | श्री किरण शेखर अमात्य | *संचालक* |

**(ख) पदाधिकारीहरूको उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री दिप प्रकाश पाण्डे | प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव |
| २. | श्री खेम प्रसाद बराल | महाप्रबन्धक, पुनर्बीमा तथा दावी |
| ३. | श्रीमती सविता मास्के | नायव महाप्रबन्धक |
| ४. | श्रीमती सेवा पाठक (बोहरा) | लेखा प्रबन्धक |
| ५. | श्री रामकृष्ण निराला | कानुनी सल्लाहाकार |

**४. सभाको गणपुरक संख्याः**

| | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत (%) |
|---|---|---|---|
| शेयरधनी संख्या | ३,११० | ११४ | ४ |
| शेयर संख्या | १२,५०,००० | ९,६४,७७० | ७७ |

५. **सभाको वैधानिकता र अध्यक्षता:**

तेस्रो वार्षिक साधारण सभाको कारवाही शुरु हुनु अघि कम्पनी सचिव श्री दिप प्रकाश पाण्डेले उपस्थित सबै शेयरधनी महानुभावहरूलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावलीको व्यवस्था बमोजिमको प्रक्रिया पूरा गरी यो साधारण सभा बोलाइएको र यस साधारण सभा संचालन गर्न आवश्यक गणपुरक संख्या पुगेको घोषणा गर्नु हुँदै अध्यक्ष श्री विकास जंगबहादुर राणालाई सभाको अध्यक्षता ग्रहण गरी सभा संचालनको लागि आग्रह गर्नुभयो ।

६. **सभाको संचालन तथा प्रतिवेदन प्रस्तुती:**

कम्पनीको तेस्रो वार्षिक साधारण सभा संचालन गर्ने क्रममा सभाका अध्यक्षज्यूद्वारा विषय-सूची अनुसार संचालक समितिको आ.व. २०६३/६४ को वार्षिक प्रतिवेदन, वासलात तथा नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण, लेखापरीक्षण प्रतिवेदन, लाभांश स्वीकृति र नियमावलीमा संशोधन सम्बन्धी विशेष प्रस्ताव सभामा प्रस्तुत भयो ।

७. **छलफलको लागि आह्वान:**

अध्यक्षज्यूले तेस्रो वार्षिक प्रतिवेदन, वासलात तथा नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण समेत उपर आ-आफ्नो प्रश्न जिज्ञासा, प्रतिक्रिया, मन्तव्य, सुझाव भए प्रस्तुत गर्न शेयरधनीहरूलाई आह्वान गर्नु भएपछि निम्न शेयरधनीहरूले आ-आफ्नो जिज्ञासा, राय सुझाव एवं प्रश्नहरू प्रस्तुत गर्नु भयो ।

१. श्री अशोक उप्रेती
२. श्री अमृतनाथ रेग्मी
३. डा. माधव कुमार श्रेष्ठ
४. श्री दिनेशराज पन्त
५. श्री डमरुवल्लभ घिमिरे
६. श्री अमिरदास रंजित
७. श्री तीर्थ बसौला

८. **शेयरधनीहरूबाट सभामा प्रस्तुत भएका राय सुझाव एवं प्रश्नहरू:**

- सर्वप्रथम कम्पनीले छोटो समयमा उलेख्य प्रगति गर्न सकेकोमा संचालक समिति तथा विषेश गरेर अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतज्यूलाई धन्यवाद ज्ञापन गरियो । कम्पनीले विज्ञापनमा विशेष चासो देखाउनुलाई राम्रो मान्नु पर्छ । कम्पनीले सामाजिक सुरक्षा तथा जनचेतना जगाउने काम गरी देशमा बीमा अभिबृद्धि जगाउन गरेको कार्यलाई सत्प्रानीय कामको रूपमा लिनु पर्ने मन्तव्य राखियो ।

- कम्पनीको वार्षिक साधारण सभा ढिलो हुनुको कारण खुलाइदिनुहुन अनुरोध गरियो । समग्र नन्लाइफ बीमा कम्पनीमा कम्पनीले उल्लेख्य बीमाशुल्क आर्जन गरेको देखिन्छ । समग्रमा कम्पनीले कति हिस्सा ओगटेको आगामी वर्षको प्रतिवेदनमा खुलाउन सुझाव प्रस्तुत गरियो । पुनर्बीमा दिंदा नेटहोल्डिङ् बढाउन सुझाव प्रस्तुत गरियो । अग्नि बीमा क्षेत्रमा नेगोशिएशन कम भए जस्तो देखिन्छ पुनर्बीमा ब्रोकर्सहरूसंग कमिशन बढाउने तर्फ ध्यान दिन सुझाव गरियो ।

- कम्पनीको प्रगति गराइ माथि उठाउँदा निश्चय नै ओभरहेड खर्च बढ्ने हुन्छ । त्यसलाई प्रिमियम संकलनले न्यूट्रलाइज गर्नुपर्ने देखिन्छ । क्रमिक रूपमा ओभरहेड कस्ट घटाउन सुझाव प्रस्तुत गरियो । मोटर बीमामा नाफा गरेकोमा बधाई दिदै अघिल्लो वर्षको तुलनामा भने कमी आएको देखिन्छ । मोटर बीमा गर्दा सजगता अपनाउन सुझाव प्रस्तुत गरियो । साथै विभिन्न शीर्षकका आम्दानीमा हुन गएको फरक तथ्याङ्कहरू अध्यक्षज्यूको प्रतिवेदनमा खुलाई अन्तर्राष्ट्रिय प्रचलन अनुसार गर्न उचित हुने सुझाव प्रस्तुत गरियो ।

- हवाई सेक्टरमा लस देखिए तापनि यसले ओभरहेड तथा मेनेजमेन्ट खर्च कभर गर्न सकेकोमा धन्यवाद दिनुपर्ने नै हुन्छ । यस्तो तरिकाबाट खर्च घटाउन उचित हुने देखिन्छ । साथै दावी भुक्तानीमा कम्पनीले बढी बहन गरेको देखिदा व्यवसाय लिंदा त्यसतर्फ पनि ध्यान दिनुपर्ने सुझाव प्रस्तुत गरियो ।

- देश निकट भविश्यमा नै WTO मा प्रवेश गर्न लागेको अवस्थामा कम्पनीको पूँजी बृद्धि गर्न तथा वेभलेन्थ मिल्ने कम्पनीहरूसंग मर्जर

८. **शेयरधनीहरूबाट सभामा प्रस्तुत भएका राय सुझाव एवं प्रश्नहरू:**

- सर्वप्रथम कम्पनीले छोटो समयमा उलेख्य प्रगति गर्न सकेकोमा संचालक समिति तथा विषेश गरेर अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतज्यूलाई धन्यवाद ज्ञापन गरियो । कम्पनीले विज्ञापनमा विशेष चासो देखाउनुलाई राम्रो मान्नु पर्छ । कम्पनीले सामाजिक सुरक्षा तथा जनचेतना जगाउने काम गरी देशमा बीमा अभिबृद्धि जगाउन गरेको कार्यलाई सन्हानीय कामको रूपमा लिनु पर्ने मन्तव्य राखियो ।
- कम्पनीको वार्षिक साधारण सभा ढिलो हुनुको कारण खुलाइदिनुहुन अनुरोध गरियो । समग्र नन्लाइफ बीमा कम्पनीमा कम्पनीले उल्लेख्य बीमाशुल्क आर्जन गरेको देखिन्छ । समग्रमा कम्पनीले कति हिस्सा ओगटेको आगामी वर्षको प्रतिवेदनमा खुलाउन सुझाव प्रस्तुत गरियो । पुनर्बीमा दिंदा नेटहोल्डिङ् बढाउन सुझाव प्रस्तुत गरियो । अग्नि बीमा क्षेत्रमा नेगोशिएशन कम भए जस्तो देखिन्छ पुनर्बीमा ब्रोकर्सहरूसंग कमिशन बढाउने तर्फ ध्यान दिन सुझाव गरियो ।
- कम्पनीको प्रगति गराइ माथि उठाउँदा निश्चय नै ओभरहेड खर्च बढ्ने हुन्छ । त्यसलाई प्रिमियम संकलनले न्यूट्रलाइज गर्नुपर्ने देखिन्छ । क्रमिक रूपमा ओभरहेड कस्ट घटाउन सुझाव प्रस्तुत गरियो । मोटर बीमामा नाफा गरेकोमा बधाई दिदै अघिल्लो वर्षको तुलनामा भने कमी आएको देखिन्छ । मोटर बीमा गर्दा सजगता अपनाउन सुझाव प्रस्तुत गरियो । साथै विभिन्न शीर्षकका आम्दानीमा हुन गएको फरक तथ्याङ्कहरू अध्यक्षज्यूको प्रतिवेदनमा खुलाई अन्तर्राष्ट्रिय प्रचलन अनुसार गर्न उचित हुने सुझाव प्रस्तुत गरियो ।
- हवाई सेक्टरमा लस देखिए तापनि यसले ओभरहेड तथा मेनेजमेन्ट खर्च कभर गर्न सकेकोमा धन्यवाद दिनुपर्ने नै हुन्छ । यस्तो तरिकाबाट खर्च घटाउन उचित हुने देखिन्छ । साथै दावी भुक्तानीमा कम्पनीले बढी बहन गरेको देखिदा व्यवसाय लिंदा त्यसतर्फ पनि ध्यान दिनुपर्ने सुझाव प्रस्तुत गरियो ।
- देश निकट भविश्यमा नै WTO मा प्रवेश गर्न लागेको अवस्थामा कम्पनीको पूँजी बृद्धि गर्न तथा वेभलेन्थ मिल्ने कम्पनीहरूसंग मर्जर

गर्ने कुरा स्वागतयोग्य छ । तसर्थ त्यसतर्फ आवश्यक गृहकार्य गर्न सुझाव प्रस्तुत गरियो । कम्पनीले निर्माण गर्न लागेको भवनको फोटो पछाडिको पृष्ठमा नराखि प्रतिवेदनको अघिल्लो पृष्ठमा राख्दा कम्पनीको इमेज बढ्ने सुझाव प्रस्तुत गरियो । कम्पनीले इनहाउस तालिमको अतिरिक्त भारत तथा बेलायतमा पनि चार्टर्ड तालिमको लागि कर्मचारी पठाउन सुझाव प्रस्तुत गरियो ।

- कम्पनीले विज्ञापनको अलावा बीमा समितिसंग मिलेर बीमाको क्षेत्र बढाउने तर्फ पहल गर्न सुझाव प्रस्तुत गर्दै प्रतिवेदनको अन्त्यमा अध्यक्षको अतिरिक्त संचालकको पनि नाम राख्न सुझाव प्रस्तुत गरियो ।
- कम्पनीले समीक्षा आ.व.मा रू. ३२ करोड भन्दा बढी बीमाशुल्क आर्जन गरी प्रतिशेयर ७.५० प्रतिशत नगद लाभांश वितरण गर्न प्रस्ताव गरेकोमा धन्यवाद प्रदान गरियो । भवन निर्माण प्रारम्भ गरेकोमा खुशी व्यक्त गर्दै चालु आर्थिक वर्ष २०६४/६५ मा NET PROFIT PROGRAME MANAGEMENT अन्तर्गत NET PROFIT TARGET कति हो खुलाइदिन अनुरोध गरियो । साथै बीमा समितिद्वारा कम्पनीलाई कुनै निर्देशन एवं सुझाव प्रस्तुत गरिएको भए कम्पनीले त्यस्तो सुझाव कार्यान्वयन गरी के-कस्तो सुधार गर्‍यो स्पष्ट पारी दिनु हुन अनुरोध गरियो ।
- कम्पनी ऐनको प्रावधान बमोजिम स्वतन्त्र संचालक नियुक्ति गर्दा बीमा क्षेत्रमा अनुभवी एवं योगदान भएकालाई नियुक्त गर्नु उचित हुने सुझाव प्रस्तुत गरियो । साथै कम्पनीले शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड अर्थात् SIC भिजन तयार गरी अघि बढ्न सुझाव प्रस्तुत गरियो ।
- संचालक समितिले सिफारिस गरेको लाभांश रकम कम्पनीले साधारण सभा बस्ने सूचनाको साथ उल्लेख गरी प्रकाशन गर्दा शेयरधनीलाई कम्पनीले के-कति लाभांश सिफारिस गरेछ भन्ने कुरा थाहा पाउन सजिलो हुने भनाइ राखियो । साधारण सभाको लागि तयार गरिएको प्रवेश-पत्रमा कम्पनी सचिवको सही राख्न सुझाव प्रस्तुत गरियो ।
- भवन निर्माण कहिले सम्पन्न हुने हो सो कुरा प्रतिवेदनमा उल्लेख

गरेको भए थाहा पाउन सजिलो हुने थियो र चाँडो भन्दा चाँडो निर्माण सम्पन्न भएमा लागत कम हुने सुझाव गरियो । संचालकहरूले के-कति बैठक भत्ता पाउनु भएको छ सो अलग-अलग रूपमा प्रस्तुत भएमा क-कसले कति बैठक भत्ता प्राप्त गर्नु भएछ थाहा पाउन सजिलो हुने भनाइ राखियो । संचालक समितिलाई संचालकहरूको बैठक भत्ता समयानुसार समायोजन गर्न र प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिवलाई पनि बैठक भत्ता प्रदान गर्न अनुरोध गरियो ।

- संचालक समितिको प्रतिवेदनमा पुनर्बीमा कम्पनीको नाम उल्लेख गरेकोमा धन्यवाद प्रदान गरियो । शाखा विस्तार गर्दा ग्रामीण क्षेत्रमा पनि गर्न सुझाव प्रस्तुत भयो । हाल केही बीमितहरूबाट नै बीमा गरिएका वस्तुहरू लुकाउने तथा जलाउने कार्य गरी क्षतिपूर्ति दावी गर्ने गरेको यदाकदा सुनिन आएकोले कम्पनीले हराएका तथा चोरिएका बीमाको दावी भुक्तानी सम्बन्धमा सावधानी अपनाउन सुझाव प्रस्तुत गरियो ।

- कम्पनीले तीन किसिमको लेखापरीक्षक राखेको प्रतिवेदनबाट देखिन्छ । साधारण सभाद्वारा नियुक्त लेखापरीक्षकबाट नै कर लेखापरीक्षण गराउँदा कम्पनीलाई आर्थिक भार कम हुने सुझाव गरियो । साथै आगामी आर्थिक वर्षको लेखापरीक्षण समयमा नै हुने कुराको प्रतिवद्धता लेखापरीक्षकबाट आउनुपर्ने सुझाव प्रस्तुत भयो ।

- प्रतिवेदनमा शंकास्पद आसामी व्यवस्था राखेको देखिन्छ । त्यस्ता आसामी कसरी निर्मूल पार्न सकिन्छ त्यसतर्फ पाइला चाल्न सुझाव गरियो । साथै कम्पनीले गरेको लगानीको अवस्था सन्तोषजनक रहेको देखिन्छ । आगामी दिनमा कम्पनीले एउटा कमिटी बनाएर शेयर बजारमा पनि लगानी गरे उचित हुने सुझाव प्रस्तुत गरियो । साथै प्रतिवेदनमा केही टाइप मिस्टेकहरू देखिएकाले आगामी दिनमा त्यस्ता त्रुटीहरू सच्याउँन सुझाव गरियो ।

- संचालक समितिद्वारा प्रस्तुत नियमावलीको संशोधन प्रस्तावको सम्बन्धमा केही त्रुटी देखिएकोले कम्पनी ऐन, २०६३ को प्रावधान अनुरुप हुने गरी सच्याउँन आग्रह गरियो ।

व्यवसाय क्षेत्रमा विश्वसनिय एवं राम्रो साख कायम भएका तथा हाम्रो कम्पनीसंग पूँजीगत संरचना मिल्ने खालका कम्पनीहरूसंग एकीकरण गर्ने सम्बन्धमा गृहकार्य गरी अघि बढ्न कम्पनी तयार रहेको व्यहोरा जानकारी गराइयो ।

- जग्गा खरिदको सम्बन्धमा यस अघिको प्रतिवेदनमा विस्तृत रूपमा उल्लेख गरिएको जानकारी गराइयो । कम्पनीले जम्मा ५८ आना जग्गा खरिद गरेको तथा शेयरधनी महानुभावहरूले दिनुभएको सुझाव बमोजिम भवन निर्माण कार्य गत जेठ महिनाबाट प्रारम्भ गरिएको जानकारी गराइयो । भवन चाँडोभन्दा चाँडो निर्माण सम्पन्न गरी लागत घटाउने तर्फ संचालक समिति तथा व्यवस्थापन सचेत रहेको जानकारी गराइयो । शेयरधनीको सल्लाह बमोजिम आगामी प्रतिवेदनमा भवन तथा व्यवस्थापन तहसम्मका कर्मचारीहरूको फोटो राख्ने तर्फ विचार गरिने जानकारी गराईयो ।

- हाल लगानीबाट भइरहेको ब्याज आम्दानीको अतिरिक्त शेयर बजारमा पनि लगानी गरेमा राम्रो प्रतिफल प्राप्त हुने सम्बन्धमा शेयरधनी महानुभावले दिनुभएको सुझाव निश्चय पनि स्वागत योग्य छ । त्यस तर्फ गृहकार्य गरी लगानी सुरक्षित हुने अवस्था भएमा अघि बढिने जानकारी गराईयो ।

- स्वतन्त्र संचालक नियुक्ति गर्दा शेयरधनीको सुझाव बमोजिम बीमा क्षेत्रको अनुभवी व्यक्तिको चयन गर्न आवश्यक गृहकार्य भइरहेको जानकारी गराउँदै श्री कम्पनी रजिष्ट्रारको कार्यालयको निर्देशन बमोजिम कम्पनीको नियमावलीमा संशोधन गरी सोको व्यवस्था गरिएको जानकारी गराईयो । साथै सो सम्बन्धमा कम्पनी ऐन, २०६३ बमोजिम हुने गरी नियमावलीमा व्यवस्था गरिने जानकारी गराईयो ।

- कम्पनीको लक्ष्य तथा प्रगतिवारे शेयरधनीमहानुभावहरूलाई जानकारी गराईयो ।

- समीक्षा आ.व.को लेखापरीक्षण प्रतिवेदन बीमा समितिको निर्देशन बमोजिम तयार पारी समितिबाट विस्तृत अध्ययन पश्चात् स्वीकृत प्रदान गरिएको जानकारी गराउँदै यस वर्ष समितिबाट स्थलगत निरीक्षण

नभएको भए तापनि बीमा समितिले सम्बन्धित विषयहरूमा निर्देशिका तथा निर्देशन मार्फत नियन्त्रण एवं अनुगमन गर्ने गरेको जानकारी शेयरधनी महानुभावहरूलाई गराईयो ।

- शंकास्पद आसामीको सम्बन्धमा आजको प्रतिस्पर्धि बजारमा व्यवसाय गर्न निश्चय नै असजिलो रहेको कुरा शेयरधनी महानुभावहरूमा अवगत नै छ । बीमा ऐन तथा नियमावलीलाई अवलम्वन गरी अघि बढ्न हामी लागि परेका छौं । यसलाई हामी समय सापेक्ष गरी नियन्त्रण गर्न लागि सकेका छौं । यस प्रति कम्पनी सचेत रहेको जानकारी गराईयो ।

- आगामी वर्षहरूमा कम्पनी आम्दानीको हिसाबमा पनि अझ मजबुत हुँदै जाने छ भन्ने अपेक्षा रहेको जानकारी बैठकमा गराईयो । संचालक समितिको सदस्यहरूको बैठक भत्ता अध्यक्षज्यूको प्रति बैठक रू. ५,०००।- र संचालक सदस्यको रू. ४,०००।- बैठक भत्ता रहेको जानकारी गराउँदै उप-समितिको बैठकमा उपस्थित अध्यक्ष एवं संचालक सदस्यको बैठक भत्ता संचालक समितिको बैठक सरह रहेको जानकारी बैठकमा गराईयो । साथै, अध्यक्ष तथा संचालक सदस्यज्यूहरूको बैठक भत्ता वृद्धि गर्न र प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिवलाई पनि बैठक भत्ता प्रदान गर्न शेयरधनी महानुभावहरूले दिनुभएको सुझाव अनुरूप संचालक समितिले समयानुकूल बैठक भत्ता तय गरी लागू गर्ने जानकारी गराइयो ।

- Tax Planning सम्बन्धी शेयरधनीहरूबाट प्राप्त सुझावलाई कम्पनीको हित अनुसार व्यवस्थित गरी अगाडि बढ्ने जानकारी गराइयो ।

- कम्पनीको खुद धारण तथा पुनर्बीमा व्यवस्थाको सम्बन्धमा सभामा जानकारी गराइयो ।

- सभामा शेयरधनी महानुभावहरूले दिनुभएको अमूल्य सुझाव एवं सल्लाहहरू कम्पनीको लागि शिरोधार्य रहने विश्वास दिलाउँदै बैठकमा औंल्याईएका कमी-कमजोरीहरूलाई सच्याउँदै अघि बढ्ने प्रतिवद्धता व्यक्त गरियो ।

१०. **साधारण सभाका प्रस्ताव एवं निर्णयहरू:**

१. संचालक समितिको तर्फबाट संचालक समितिका अध्यक्षज्यूले अनुमोदनको लागि प्रस्तुत गर्नुभएको आ.व. २०६३/६४ को वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

२. अध्यक्षज्यूले पेश गर्नुभएको आ.व. २०६३/६४ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

३. अध्यक्षज्यूले संचालक समितिले सिफारिस गरेको ७.५ प्रतिशत नगद लाभांश स्वीकृत सम्बन्धी प्रस्ताव प्रस्तुत गर्नु हुँदा सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

४. अध्यक्षज्यूले आ.व. २०६४/६५ का लागि लेखापरीक्षकमा संचालक समितिद्वारा सिफारिस पि.पि. प्रधान एण्ड कं. चार्टर्ड एकाउण्टेन्टस् (श्री प्रताप प्रसाद प्रधान) को नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने प्रस्ताव प्रस्तुत गर्नु हुँदा निजलाई लेखापरीक्षकमा नियुक्ति गर्ने तथा निजलाई पारिश्रमिक वार्षिक रू. ५०,०००/- (पचास हजार) प्रदान गर्ने निर्णय सर्वसम्मतीबाट पारित गऱ्यो ।

५. अध्यक्षज्यूले शिखर इन्स्योरेन्स कम्पनी लि. को नियमावलीको नियम १० को अन्य व्यवस्था कायमै राखी उपनियम ४ थप गर्ने, नियम ११ र १२ लाई संशोधन गरी कम्पनी ऐन, २०६३ को व्यवस्था बमोजिम गर्नको लागि तल उल्लेखित संशोधन प्रस्ताव प्रस्तुत गर्नु हुँदा सभाले सर्वसम्मतीबाट प्रस्ताव पारित गऱ्यो ।

# नियमावली संशोधनको प्रस्ताव

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|
| **नियम १०.**<br>कम्पनीको सभा बोलाउने तरिका र सभाका लागि दिनुपर्ने सूचना सम्बन्धी कुराहरू :<br>१. यस कम्पनीको साधारण सभा देहाय बमोजिम हुनेछ ।<br>क) वार्षिक साधारण सभा र<br>ख) विशेष साधारण सभा<br>२. यस कम्पनीले कम्पनी ऐन, २०५३ को दफा ४९ बमोजिम कारोवार शुरु गर्ने इजाजत पाएको एक वर्षभित्र प्रथम वार्षिक साधारण सभा गर्नेछ र त्यसपछि प्रत्येक वर्ष कम्पनीको आर्थिक वर्ष पूरा भएको ६ महिना भित्र वार्षिक साधारण सभा गर्नेछ ।<br>३. यस कम्पनीको वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा २१ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा १५ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै शेयरवालालाई सूचना दिनुपर्नेछ । यस्तो सूचना राष्ट्रिय स्तरको पत्रपत्रिकामा कम्तिमा २ पटक प्रकाशित गरिने छ । | ४) गणपुरक संख्या पुरा नभएको कारणले सभा हुन नसकी पुनः साधारण सभा बोलाउनु परेमा शेयरधनीहरूलाई कम्तिमा ७ दिनको सूचना दिई सभा बोलाउनु पर्नेछ । | कम्पनी दर्ता हुँदा नियमावलीमा छुट हुन गएकोले कम्पनी ऐनको प्रावधान बमोजिम थप गरिएको । |

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|
| **नियम ११.**<br>**गणपुरक संख्या :** कुल शेयर संख्याको ६७ प्रतिशत शेयरको प्रतिनीधित्व हुने गरी कुल शेयरवालामध्ये ७ जना शेयरवालाहरू स्वंय वा आफ्नो प्रतिनीधिद्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन । तर नियम १० को उपनियम ४ मा उल्लेख भए बमोजिम पुन: बोलाईएको साधारण सभामा कुल शेयर संख्याको ३३ प्रतिशत शेयरको प्रतिनीधित्व हुने गरी ७ जना शेयरवालाहरू स्वंय वा आफ्नो प्रतिनीधिद्वारा उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन । | **नियम ११.**<br>**गणपुरक संख्या :** कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनीधित्व हुने गरी कुल शेयरवालामध्ये ३ जना शेयरवालाहरू स्वंय वा आफ्नो प्रतिनीधिद्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन । तर नियम १० को उपनियम ४ मा उल्लेख भए बमोजिम पुन: बोलाईएको साधारण सभामा कुल शेयर संख्याको २५ प्रतिशत शेयरको प्रतिनीधित्व हुने गरी ३ जना शेयरवालाहरू स्वंय वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन । | कम्पनी ऐन, २०६३ बमोजिम व्यवस्था गरिएको । |
| **नियम १२ (क) (ख)**<br>(क) संचालकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ ।<br>(ख) यस कम्पनीको ७ जनाको संचालक समिति हुनेछ । संचालकको नियुक्ति देहाय बमोजिम हुनेछ ।<br>१ समूह 'क' बाट ........... ४ जना<br>२ समूह 'ख' बाट .............२ जना<br>३ सर्वसाधारण शेयरधनीबाट निर्वाचित हुने ............ १ जना<br>**जम्मा ७ जना** | **नियम १२ (क) (ख)**<br>(क) संचालकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । तर स्वतन्त्र संचालकको नियुक्ति संचालक समितिले गर्नेछ ।<br>(ख) यस कम्पनीको ८ जनाको संचालक समिति हुनेछ । संचालकको नियुक्ति देहाय बमोजिम हुनेछ ।<br>१. समूह 'क' बाट ........... ४ जना<br>२. समूह 'ख' बाट .............२ जना<br>३. सर्वसाधारण शेयरधनीबाट निर्वाचित हुने ............. १ जना<br>४. स्वतन्त्र संचालक .......... १ जना<br>**जम्मा ८ जना** | कम्पनी ऐनको प्रावधान बमोजिम नियमावलीमा व्यवस्था गरिएको। |

६. विविध

**धन्यवाद ज्ञापन**

यस बाहेक छलफलका अन्य विषय नभएकोले अध्यक्षज्यूद्वारा सभामा उपस्थित हुनु भई आ-आफ्ना प्रश्न, जिज्ञासा, मन्तव्य एवं सुझावहरू व्यक्त गरी यस तेस्रो वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गराउन सहयोग पुऱ्याउनु भएकोमा शेयरधनी तथा उपस्थित सम्पूर्ण महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| ........................................ | ........................................ |
| **दिप प्रकाश पाण्डे** | **विकास जंगवहादुर राणा** |
| *कम्पनी सचिव* | *अध्यक्ष* |